January 10th, 2026 Saturday

## आकाशवाणी

### प्रमुख समाचारहरुबाट

१. तीनदिने भ्रमणका लागि प्रधानमन्त्री नरेन्द्र मोदी आज गुजरात प्रस्थान ।
२. गृहमन्त्री अमित शाहले आफ्नो मातृभाषाको प्रवर्द्धन गर्ने महत्वमा जोड दिनुभयो ।
३. संसदको बजेट सत्र यस महिनाको २८ तारिखदेखि सुरु ।
४. परीक्षा पे चर्चा २०२६ का लागि चार करोडभन्दा बढी अनलाइन सहभागीहरूले गरे दर्ता ।
५. केन्द्रीय वित्त मन्त्री निर्मला सीतारमनले राजधानीमा गर्नुभयो बजेटपूर्व बैठक

...........

### 1. प्रधानमन्त्री नरेन्द्र मोदीको गुजरात भ्रमण

प्रधानमन्त्री नरेन्द्र मोदी आजदेखि तीन दिनका लागि गुजरात भ्रमणमा रहनुहुनेछ। यस अवधिमा उहाँ सोमनाथ स्वाभिमान पर्वसहित विभिन्न कार्यक्रमहरूमा सहभागी हुनुहुनेछ। चार दिने सोमनाथ स्वाभिमान पर्व बिहीबार गिर सोमनाथ जिल्लाको वेरावलमा सुरु भएको छ। यो पर्व सन् १०२६ मा सोमनाथ मन्दिरमाथि महमूद गजनवीको आक्रमणको एक हजार वर्ष पूरा भएको अवसरमा आयोजना गरिएको हो।

श्री मोदी आज साँझ सोमनाथ पुगेर सोमनाथ मन्दिरमा ओंकार मन्त्रोच्चारण कार्यक्रममा सहभागी हुनुहुनेछ । भोलि, शौर्य यात्रामा सहभागी हुनुहुनेछ। यो यात्रा सोमनाथ मन्दिरको रक्षा गर्दै प्राण न्यौछावर गर्ने वीर युद्धवीरहरूको सम्झनामा आयोजित गरिएको हो।

भोलि, प्रधानमन्त्री मोदी राजकोट जानु हुनेछ । त्यहाँ उहाँले मारवाडी विश्वविद्यालयमा कच्छ र सौराष्ट्रका लागि "वाइब्रेन्ट गुजरात" क्षेत्रीय सम्मेलनको औपचारिक उद्घाटन गर्नुहुनेछ साथै कार्यक्रममा सम्बोधन पनि गर्नुहुनेछ। श्री मोदीले सम्मेलन अन्तर्गत आयोजित व्यापार मेला र प्रदर्शनीको उद्घाटन पनि गर्नुहुनेछ। राजकोटबाट, श्री मोदी अहमदाबाद जानु हुनेछ। यस ऐतिहासिक अवसरमा प्रधानमन्त्री मोदीकाे स्वागतका लागि पवित्र सहर प्रभास पाटन पूर्ण रूपमा तयार रहेको आकाशवाणीका संवाददाताले जानकारी दिएका छन्......

## 2. संसद – बजेट सत्र

संसदको बजेट सत्र यस महिनाको २८ तारिखदेखि सुरु भई २ अप्रेल सम्म सञ्चालन हुनेछ। संसदीय कार्य मन्त्री किरेन रिजिजूले सामाजिक सञ्जाल पोस्टमार्फत सत्रको पहिलो चरण १३ फेब्रवरीमा समाप्त हुने जानकारी दिनुभएको छ। उहाँले बताउनुभए अनुसार दोस्रो चरण ९ मार्चदेखि सुरु हुनेछ। श्री रिजिजूले राष्ट्रपति द्रौपदी मुर्मुले बजेट सत्रका लागि संसदका दुवै सदनको बैठक आह्वान गर्न स्वीकृति प्रदान गर्नुभएको पनि बताउनुभयो।

## 3. अमित शाह – राजस्थान

गृहमन्त्री अमित शाहले राष्ट्रलाई विश्वस्तरीय शक्ति बनाउन आत्मनिर्भरता अत्यन्तै महत्वपूर्ण रहेको बताउनु भयो। उहाँले आज जोधपुरमा महेश्वरी समुदायको राष्ट्रिय सम्मेलनमा सम्बोधन गर्दै भन्नुभयो स्वदेशी उत्पादनको प्रयोगले देशलाई आत्मनिर्भर र आत्मसन्तुष्ट बनाउने छ। श्री शाहले आफ्नो मातृभाषाको प्रवर्द्धन गर्ने महत्वमा पनि जोड दिनुभयो।

## 4. मांडविया – यंग लिडर्स डायलग

युवा कार्य तथा खेल मन्त्री मनसुख मांडवियाले आज देशको भविष्य निर्माणमा युवाहरूको महत्वपूर्ण भूमिका रहेको बताउनु भयो।

नयाँ दिल्लीमा आयोजित "विकसित भारत यंग लिडर्स डायलग २०२६" को उद्घाटन समारोहलाई सम्बोधन गर्दै श्री मांडवियाले यस कार्यक्रमले युवा नेतृत्वलाई प्रविधि, उद्यमिता, शासन, दिगोपन र सामाजिक विकास जस्ता क्षेत्रमा समाधान खोज्न प्रोत्साहित गर्ने बताउनु भयो।

यस कार्यक्रमको समापन 12 जनवरीमा हुनेछ।

## 5. प्रधानमन्त्री – परीक्षा पे चर्चा

परीक्षा पे चर्चा २०२६ का लागि चार करोडभन्दा बढी अनलाइन सहभागीहरूले दर्ता गराएका छन्। यो संख्या गत वर्षको तीन करोड पचास लाखभन्दा बढी साथै गिनिज वर्ल्ड रेकर्डलाई पनि पार गरेको छ। केन्द्रीय शिक्षा मन्त्री धर्मेन्द्र प्रधानले आज एक सामाजिक सञ्जाल पोस्टमार्फत परीक्षा पे चर्चा अब राष्ट्रव्यापी आन्दोलन बनेको बताउनुभएको छ, जसको उद्देश्य युवाहरूका लागि तनावमुक्त वातावरण सिर्जना गर्नु हो। उहाँले सबै परीक्षार्थीहरूलाई परीक्षा पे चर्चा २०२६ मा सक्रिय रूपमा सहभागी हुन आह्वान गर्नुभयो। परीक्षा पे चर्चा पहल अहिले एक बहुप्रतीक्षित मञ्चका रूपमा विकसित भएको छ, जसले विद्यार्थी, अभिभावक तथा शिक्षकहरूलाई प्रधानमन्त्रीसँग प्रत्यक्ष रूपमा जोडिने अवसर प्रदान गर्दछ।

## 6. रेल्वे पुरस्कार

रेल मन्त्री अश्विनी वैष्णवले भारतीय रेल विश्वस्तरीय मापदण्ड स्थापित गर्ने अवस्थामा पुगेको र सन् २०४७ सम्म भारतलाई विकसित राष्ट्र बनाउने दिशामा महत्वपूर्ण भूमिका खेल्न तयार रहेको बताउनुभएको छ। हिजो नयाँ दिल्लीमा आयोजित ७०औँ अति विशिष्ट रेल सेवा पुरस्कार समारोहमा उहाँले १०० जना रेल्वे अधिकारीहरू तथा उत्कृष्ट प्रदर्शन गर्ने रेल्वे जोनलाई सम्मान गर्नुभयो। श्री वैष्णवले भारतीय रेलले सन् २०२६ का लागि छ वटा नयाँ संकल्प लिएको बताउनुभयो। यसमा एक वर्षभित्र व्यवस्थागत सुधार, उत्पादकता अभिवृद्धिका लागि प्रविधि र यान्त्रिक मेधाको प्रयोग, मर्मतसम्भारका मापदण्ड स्तरोन्नति, सुरक्षालाई थप सुदृढ बनाउने तथा औपनिवेशिक मानसिकता त्याग्ने विषयहरू समावेश छन्।

## 7. वित्त मन्त्री – बजेटपूर्व बैठक

बजेटपूर्व बैठकहरूको क्रममा केन्द्रीय वित्त मन्त्री निर्मला सीतारमनले आज राजधानीमा राज्य तथा केन्द्रशासित प्रदेशका वित्त मन्त्रीहरूसँग बैठक गर्नु भएको छ। बैठकमा वित्त राज्य मन्त्री पंकज चौधरी र मन्त्रालयका वरिष्ठ अधिकारीहरू पनि उपस्थित रहेका थिए ।

संसदको बजेट सत्र यस महिनाको २८ तारिखदेखि सुरु हुनेछ ।

## 8. हिमाचल प्रदेश – बस दुर्घटना

हिमाचल प्रदेशको सिरमौर जिल्लामा एउटा बस दुर्घटनामा १४ जनाको मृत्यु भएको छ भने अन्य धेरै गम्भीर घाइते भएका छन्। यो दुर्घटना निजी बस खाल्डोमा खस्दा भएको हो। दुर्घटनाको समयमा बस सोलनबाट हरिपुरधरतर्फ जाँदै थियो। बसमा ६६ जना यात्रु सवार थिए।

उप-मुख्यमन्त्री मुकेश अग्निहोत्रीले घटनास्थलको अवलोकन गरेपछि सञ्चार माध्यमलाई जानकारी दिँदै घाइतेहरूको अस्पतालमा उपचार भइरहेको र दुर्घटनाको अनुसन्धानका लागि आदेश जारी गरिएको बताउनुभयो। राष्ट्रपति द्रौपदी मुर्मु, उप-राष्ट्रपति सी.पी. राधाकृष्णन र प्रधानमन्त्री नरेन्द्र मोदीले बस दुर्घटनामा भएको जनधनको क्षतिप्रति दुःख व्यक्त गर्नुभएको छ र शोकाकुल परिवारप्रति संवेदना व्यक्त गर्नुभएको छ।प्रधानमन्त्री मोदीले प्रत्येक मृतकको नजिकको परिवारलाई प्रधानमन्त्री राष्ट्रिय राहत कोषबाट दुई–दुई लाख रुपैयाँको अनुग्रह रकम दिने घोषणा गर्नुभएको छ। घाइतेहरूलाई ५०–५० हजार रुपैयाँ प्रदान गरिने छ।

## ९. क्रिकेट: भारत–न्युजिल्याण्ड

भारत भोलिदेखि गुजरातको वडोदरा स्थित बी.सी.ए. स्टेडियममा न्युजिल्याण्डसँग खेल्न तयार छन् । यस श्रृंखलामा दिग्गज ब्याट्सम्यान विराट कोहली र रोहित शर्माको टिममा पुनरागमन हुँदैछ।

श्रृंखलाको तयारीका क्रममा यी दुवै ब्याट्सम्यान आफ्नो उत्कृष्ट एकदिवसीय फर्म कायम राख्न उत्सुक छन्, ताकि सन् २०२७ आई.सी.सी. क्रिकेट विश्वकप अघि टिम चयनका लागि उनीहरूको दाबेदारी अझ मजबुत बन्न सकोस्।

## १०. विश्व हिन्दी दिवस

आज विश्वभर विश्व हिन्दी दिवस मनाइँदै छ। विदेशमा हिन्दी भाषाको प्रवर्द्धन गर्ने उद्देश्यले यस दिवसको सुरुआत गरिएको हो। कूटनीति, शिक्षा तथा सांस्कृतिक आदान–प्रदानलगायत अन्तर्राष्ट्रिय मञ्चहरूमा हिन्दीको प्रयोगलाई प्रोत्साहन गर्नु यसको मुख्य उद्देश्य हो। सन् २००६ मा आजकै दिन नागपुरमा पहिलो विश्व हिन्दी सम्मेलन आयोजना गरिएको थियो। त्यहाँदेखि प्रत्येक वर्ष जनवरी १० लाई विश्व हिन्दी दिवसका रूपमा मनाइँदै आएको छ।

विदेश राज्यमन्त्री कीर्ति वर्धन सिंहले भाषा नै संस्कृतिलाई जीवित राख्ने माध्यम भएको बताउँदै हिन्दी भाषामार्फत देशको संस्कृति र समृद्ध विरासतको प्रसार गर्नु यसको उद्देश्य रहेको उल्लेख गर्नुभयो। विश्व हिन्दी दिवसको अवसरमा हिजो विदेश मन्त्रालयद्वारा आयोजित एक कार्यक्रममा उहाँले मन्त्रालयले प्रवासी भारतीयहरूलाई हिन्दी भाषासँग जोड्न महत्वपूर्ण भूमिका खेलेको बताउनुभयो।

---------